# मकालु गाउँपालिका
Makalu Rural Municipality
## गाउँ कार्यपालिकाको कार्याल
Office Of Rural Municipal Executive
स्था : २०७३ (Estd : 2073)
नुम, संखुवासभा
Num,Sankhuwasava
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal


पत्र संख्याः २०८२/०८३
Ref No : 2082/083
चलानी नं.: १६५५
Dispatch no

मितिः २०८३/०३/०१

विषयः योजना तथा कार्यक्रम तर्जुमाका लागि राय सुझाव पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना ।

यस मकालु गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने कार्य भइरहेकोले **स्थानीय सरकार सञ्चालन** ऐन, २०७४ को दफा २४ (५) को मर्म अनुरूप स्थानीय आवश्यकता र जनचाहना बमोजिमका योजनाहरू छनोट गर्न सरोकारवालाहरूको सक्रिय सहभागिता र रचनात्मक सुझावको आवश्यकता रहेको छ।

तसर्थ गाउँपालिकाको विकास र समृद्धिका लागि लिइने नीति तथा कार्यक्रमहरूका सम्बन्धमा विस्तृत छलफल गरी राय सुझाव सङ्कलन गर्न देहाय बमोजिमको मिति, समय र स्थानमा राय, सुझाव तथा परामर्श बैठक आयोजना गरिएको हुँदा सम्पूर्ण राजनीतिक दलका प्रतिनिधिहरू, बुद्धिजिवी, समाजसेवी, नागरिक समाज, विभिन्न संघ संस्थाका प्रतिनिधि, मकालु क्षेत्रका उद्यमी, कृषक, महिला, दलित, आदिवासी जनजाति, युवा तथा सञ्चारकर्मी लगायतका महानुभावहरु आफ्नो अमूल्य राय, सुझाव तथा परामर्श पेश गर्न उक्त बैठकमा अनिवार्य उपस्थितिका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपशिलः

- **मितिः** २०८३ साल असार ५ गते ।
- **समयः** बिहान ११:०० बजे ।
- **स्थानः** मकालु गाउँपालिकाको सभाहल ।

**छलफलका मुख्य विषयहरू:**

१. आर्थिक विकास तथा गरिबी निवारण सम्बन्धी योजनाहरू ।

२. स्थानीय स्रोत, साधन र सीपको प्रवद्र्धन गर्ने उत्पादनमूलक कार्यक्रमहरू ।

३. शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार र वातावरण संरक्षण सम्बन्धी प्राथमिकताहरू ।

४. लक्षित वर्ग (महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति) को सशक्तिकरण सम्बन्धी योजनाहरू ।

पुनस्चः उक्त बैठकमा उपस्थित भई वा सो अगावै कार्यालयको योजना शाखामा लिखित रूपमा वा कार्यालयको आधिकारिक इमेल मार्फत समेत आफ्ना अमूल्य सुझावहरू उपलब्ध गराउनुहुन हार्दिक अनुरोध गरिन्छ।

ओङदी छिरिङ शेर्पा
अध्यक्ष
ओङदी छिरीङ शेर्पा
अध्यक्ष